म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४७ शनिबार १२ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 27 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

सुर्तीजन्य पदार्थको सेवानबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेट लगायतका शरीरका अङ्गहरु), मुटुसम्बन्धी रोगहरु, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्छ ।

*त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुख्यमन्त्री लामा हिंडे आफ्नै गाउँ

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ मुख्यमन्त्री बहादुरसिं लामा आफ्नै गाउँ अर्थात निर्वाचन क्षेत्र रहेको जिल्ला नुवाकोट पुगेका छन् ।

९ साउनमा मुख्यमन्त्री नियुक्त भएपछि आफ्नो निर्वाचन क्षेत्रका मतदातालाई धन्यवादसहित गुनासा र सरकारसँगको अपेक्षा सोधपुछका लागि उनी शुक्रबार नुवाकोट पुगेका हुन् । उनी कांग्रेसबाट मन्त्रीहरुलाई सपथ गराएर मन्त्रिपरिषद्लाई पूर्णता दिएर मात्रै गृहजिल्ला जाने कार्यक्रम थियो । तर, कांग्रेसभित्रको विवादका कारण उनले बिहीवार साँझलाई तय गरिएको सपथ रोकिएको थियो ।

मुख्यमन्त्री लामा शुक्रबार बिहान ११ बजे नेपाली कांग्रेस पार्टी कार्यालय बिदुरमा भेटघाट कार्यक्रममा सहभागी भएका छन् । उनी त्रिशुली अस्पताल नुवाकोटको वार्षिकउत्सव कार्यक्रममा दिउँसो सहभागी भएको उनका स्वकीय सचिव राजेन्द्र फुयाँलले जानकारी दिए ।

कांग्रेसमा मन्त्रीका आंकाक्षीहरुको विवाद तत्काल नमिल्ने छाँटकाँट देखिएपछि आफ्ना निकटस्थ सांसदहरुको सल्लाहमा उनी नुवाकोट हिँडेका हुन् । 'उहाँ नुवाकोट जानु भएको छ । अब केहीदिन नुवाकोटमै रहनुहुन्छ । आफ्नो निर्वाचन क्षेत्रका मतदाता, पार्टीका नेता, कार्यकर्ता र साथीभाइसँग भेटघाट गरेर मात्रै काठमाडौं हुँदै हेटौंडा फर्किने कार्यक्रम छ ।,' उनी निकट कांग्रेसका एक सांसदले भने । ती सांसदका अनुसार लामा हेटौंडा फर्किएपछि मात्रै मन्त्रिपरिषद् विस्तारको कार्य अगाडि बढ्ने छ ।



लामाले हेटौंडा आउँदा कांग्रेस भित्रको विवाद निरुपणका लागि पार्टी सभापति शेरबहादुर देउवालगायतका नेताहरुसँग परामर्श गरेर मात्रै फर्किने एक सांसदको भनाई छ । बागमती प्रदेश सरकारमा बिहीवार चार जनालाई मुख्यमन्त्री लामाले गुपचुपमै मन्त्री नियुक्त गरेपछि कांग्रेसमा विवाद चर्किएको हो । लामाले आफ्नै दल कांग्रेसका तर्फबाट प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना, सुरजचन्द्र लामिछानेलाई आन्तरिक मामिला तथा कानुन, मीनकृष्ण महर्जनलाई युवा तथा खेलकुद र बिमल ठकुरीलाई संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिए ।

मन्त्री नियुक्तिको पत्र आफैंले बोकेर साढे ४ बजे नै प्रदेशप्रमुखको कार्यालयमा आइपुगेका मुख्यमन्त्री लामाले सवा ५ बजे चार जना मन्त्रीको सपथ तय गर्न लगाएका थिए । तर, उनको निर्णय एकघण्टा पनि टिक्न सकेन । प्रदेशप्रमुख कार्यालयले व्यवस्थापन गरिसकेको सपथ कार्यक्रम साढे ५ नहुँदै रोकिएको खबर आएको थियो । बैठकमै मुख्यमन्त्री लामाले नवनियुक्त मन्त्रीहरुको नामावली बारे जानकारी गराएपछि सुरुमै एमाले बिच्कियो भने कांग्रेसभित्रै ब्यापक असन्तुष्टि देखिएको थियो ।

बुधबार मन्त्री नियुक्त भएका कुन्दनराज काफ्लेलाई सामाजिक विकास र श्यामबहादुर खड्कालाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी बिहीवार नै दिएका थिए । कांग्रेसबाट बुधबार नै मन्त्री भएका मदुकुमार श्रेष्ठले भने मन्त्रालय पाएका छैनन् । बुधवार विनाविभागीय मन्त्रीको सपथ लिएर बिहीवार सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाएका काफ्ले आर्थिक मामिला तथा योजना मन्त्रालय माग गर्दै आफैंले सपथ रोक्न लगाएका थिए ।

काफ्लेले भौतिक पूर्वाधार विकास मन्त्रालय मागेका थिए । कांग्रेसले पहिला लगाइसकेको भागबन्डामा परिवर्तन गरी भौतिक एमालेलाई दिएर आर्थिक मामिला मन्त्रालय लिएको थियो । उनले आर्थिक मामिला मन्त्री नै माग गरेका थिए । तर, उनलाई लामाले सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिएका हुन् ।

आफूलाई सामाजिक विकास मन्त्रालय नियुक्त गरेको खबर पछि काफ्ले प्रदेशप्रमुख कार्यालयमै आएर मुख्यमन्त्री लामासँग असन्तुष्टि पोखेका थिए । ३७ सांसद रहेको कांग्रेसबाट मन्त्रीका आकांक्षी मात्रै दुई दर्जनको संख्यामा रहेका छन् । महिला सांसदलाई मन्त्री नबनाए पछि लामा अर्को विवादमा तानिएका छन् । समिता खड्की, हरिप्रभा खड्की, सुना परियार, उर्मिला नेपाल, विनु रायमाझीलगायतका सांसदहरु मन्त्री बन्ने चर्चामा थिए । मन्त्रीको आकांक्षीमा दलका उपनेता रामकृष्ण चित्रकार, तीर्थ लामा, मसिना खड्काहरुले दोहोरिन चाहेका थिए भने सुरेश श्रेष्ठ, रामकुमार पहाडी र गोविन्द लम्साल पनि मन्त्रीको लाइनमै थिए ।

## यूनिलिभर लिमिटेडमा स्थानीयको धर्ना

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ हेटौंडा उपमहानगरपालिका-३ बसामाडीमा रहेको यूनिलिभलर नेपाल लिमिटेडले कर्मचारी तथा कामदार भर्ना गर्दा स्थानीयलाई प्राथमिकता नदिएको भन्दै स्थानीय आन्दोलनमा उत्रिएका छन् ।



स्थानीयले योग्यता अनुसारको रोजगारी पाउनुपर्ने भन्दै विगत तीन दिनदेखि उद्योगको मुलगेटमा धर्ना दिँदै आइरहेका छन् । उद्योगले सूचना जारी नगरी गुपचुप शैलीमा कर्मचारी तथा कामदार भर्ना गरेको स्थानीय युवा विजन लटौलाले बताए । 'मेरो घरको आँगनमै यूनिलिभर उद्योग रहेको छ तर, उद्योगलाई कर्मचारी आवश्यकता परेको मैले थाहा पाउन सकिन, वडाबासीलाई थाहा दिइएन,' लटौलाले भने ।

कर्मचारी भर्नाको लागि आवेदन दिंदा आवेदन नै फिर्ता गरि दिएको भन्दै धर्नामा सहभागी भएका स्थानीय सुदीप कार्कीले गुनासो सुनाए । घनाबस्तीको बीचमा र पूर्वपश्चिम राजमार्गको किनारमै उद्योग छ । यही उद्योगको कारण खोलानाला, वायू प्रदुषण, खेतीयोग्य जमिनको उत्पादन क्षमतामा ह्रासदेखि उद्योगमा आउने मालबाहक ट्रक सडक किनारमा पार्किङ गर्दा सडक दुर्घटना बढ्दै गएको स्थानीयले बताएका छन् ।

स्थानीयले आफूहरुको माग पूरा नभए दैनिक उद्योगमा घेराउ गर्ने र उत्पादन समेत रोक्ने चेतावानी दिएका छन् । यसअघि उद्योगभित्र सञ्चालन गरिएको मेसिनबाट भूकम्पीय शक्ति उत्पन्न हुँदा उद्योग नजिकै रहेको स्थानीय घरहरुमा क्षति पुगेको उनीहरुले बताएका छन् । स्थानीयको आन्दोलनलाई सोही वडाका वडाअध्यक्ष ढलकबहादु थापाले पनि साथ दिएका छन् । थापाले स्थानीयको माग पूरा गर्न आफूले समन्वय गर्ने बताए ।

उद्यागले गर्नुपर्ने सामाजिक उत्तरदायित्वको काम प्र्याप्त नदेखिएकोले स्थानीय प्रशासकहरुसँग बसेर छलफल गर्ने पनि अध्यक्ष थापाले बताए । यस विषयमा उद्योगका जिम्मेवार पदमा रहेका प्रतिनिधि तथा कर्मचारीले कुनै प्रतिक्रिया नै दिन चाहेनन् । स्थानीयको मागको विषयमा उद्योगको आधिकारिक धारणा बाहिर आएको छैन ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## बागमतीका मुख्यन्याधीवक्ता नेपालको राजीनामा



साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता ज्ञानेन्द्र नेपालले राजीनामा दिएका छन् । नेपालले मुख्यमन्त्री बहादुर सिं लामासमक्ष राजीनामा पेश गरेका हुन् ।

नेपाललाई २०७९ माघ १२ गते तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मुख्य न्याधीवक्तामा नियुक्त गरेका थिए । जम्कट्टेल नेतृत्वको सरकार ढलेसँगै नेपाल पदबाट बाहिरिएका हुन् । मुख्यन्याधीवक्ताले प्रदेश सरकारलाई कानुनी परामर्श र कानुनी सल्लाहकारको रुपमा कार्य गर्ने गर्दछन् ।

एक कार्यक्रमबीच बिहीबार मुख्यन्यायाधीवक्ताको कार्यालयले नेपालको बिदाई गरेको मुख्यन्यायाधीवक्ताको कार्यालय बागमती प्रदेशका उपन्यायाधीवक्ता उदयचन्द्र अधिकारीले जानकारी दिएका छन् ।

## १५ प्रतिशत क्षेत्रफलमा अझै रोपाइँ हुन बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/यो वर्षको साउन पहिलो सातासम्म अझै १५ प्रतिशत क्षेत्रफलमा रोपाइँ हुन बाँकी रहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दिएको जानकारी अनुसार साउन ६ गते आइतवार सम्म प्रदेशका १३ जिल्लामा ८५ दशमलव ५० प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ भएको हो ।



जेठको अन्तिमबाट नेपालमा मनसुन भित्रिएको र नेपालभर फैलन करिव दुइहप्ता लागेकाले रोपाइँ पनि ढिलोगरी सुरु भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका बाली विकास अधिकृत (सातौं) सुदीप भुजेलले जानकारी दिए । धेरैजसो ठाउँमा आकाशे पानीको भर पर्नुपर्दा समयमै रोपाइँ सम्पन्न हुन नसकेको बताउँदै उनले छिटपुट ठाउँमा अलिअलि धान रोप्ने काम अझै भइरहेको बताए । मकै र चैते धान भित्र्याउन ढिला हुँदा पनि रोपाइँ ढिलो भएको उनको तर्क छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका सूचना अधिकारी अनुप अधिकारीका अनुसार प्रदेशको १३ जिल्लामा कूल एक लाख १२ हजार २७३ हेक्टर जमिनमा धानखेती हुने गरेकोमा साउन पहिलो सातासम्म जम्मा ९५ हजार ९८८ हेक्टर क्षेत्रफल अर्थात ८५.५० प्रतिशत रोपाइँ भएको छ ।

ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# माइक्रोसफ्टका कम्प्युटरमा देखिएको विश्वव्यापी अवरोधबाट चीन कसरी जोगियो ?



गत शुक्रबार जुलाई २० का दिन सारा विश्व नै माइक्रोसफ्टबाट चल्ने कम्प्युटर प्रणालीमा आएको गडबडीका कारण समस्यामा परेको थियो । तर, चीनमा भने त्यो अवरोधको कुनै प्रभाव परेन र सबै कुरा ठीकठाक चलिरहेको थियो । साइबर सेक्योरिटी कम्पनी क्राउडस्ट्राइकका एक अपडेटका कारणले गर्दा माइक्रोसफ्ट सिस्टमबा चल्ने कम्प्युटरमा निलो स्क्रिन देखिन थाल्यो र विश्वका धेरै देशमा विमान सेवादेखि अन्य कम्प्युटरमा आधारित व्यवसाय र क्रियाकलापहरु अवरुद्ध भए । तर, चीन भने यस्तो समस्याबाट अछुतो रह्यो ।

आखिर चीनले यस्तो के गर्‍यो जसका कारण संसारभर फैलिएको उक्त तरंगको असर चीनमा नगन्य रह्यो ? यसको जवाफ निकै सरल छ । वास्तवमा चीनमा क्राउडस्ट्राइकको प्रयोग सायदै भएको छ । क्राउडस्ट्राइकको एक अपडेटका कारणले गर्दा माइक्रोसफ्टको सिस्टमबाट चल्ने कम्प्युटरहरुले अचानक काम गर्न छाडेका थिए । चीनमा यस्ता निकै कम व्यवसाय तथा सेवाहरू छन् जसले कुनै अमेरिकी कम्पनीबाट सफ्टवेयर खरिद गर्न चाहन्छन् । किनकि अमेरिकी कम्पनीहरूले चीनलाई आफ्नो साइबर सेक्योरिटीका लागि खतरा मान्दछन् ।

चीनबाट उत्पन्न साइबर खतरालाई लिएर यी कम्पनीहरू निकै मुखर रहेका छन् । बाँकी विश्वजस्तो चीन माइक्रोसफ्टमा निर्भर छैन । चिनियाँ बजारमा अलिबाबा, टेन्सेन्ट तथा हुवावेजस्ता घरेलु प्रविधि कम्पनीहरुको दबदबा छ र अधिकांश क्लाउड सर्भिस यिनै कम्पनीहरूको कब्जामा छ । त्यसैले चीनमा माइक्रोसफ्ट आउटेजको सुरुवाती खबर आउँदा खासै समस्या पैदा भएन । त्यसबाट केवल विदेशी कम्पनीहरू तथा संस्थाहरू मात्रै प्रभावित भएका थिए । वास्तवमा चिनियाँ सोसल मिडिया साइटहरूमा केवल केही प्रयोगकर्ताहरुले मात्र आफूहरूले चीनमा रहेका सेराटन, म्यारियट तथा हायात जस्ता अन्तर्राष्ट्रिय होटल चेनका होटलहरुमा चेकइन गर्न नसकिरहेको गुनासो गरिरहेका थिए ।

**पश्चिमा प्रविधि कम्पनीहरूसँग चीनको दूरी किन ?**

चीनमा पछिल्ला केही वर्षहरुमा सर कारी निकायहरू, कम्पनी तथा पूर्वाधार संचालकहरुले आफ्नो आईटी प्रणाली विदेशी कम्पनीहरूको साटो घरेलु कम्पनीहरुलाई जिम्मा दिएका छन् कतिपय विश्लेषकहरू यो समानान्तर नेटवर्कलाई स्पललिन्टरनेटको नाम दिएका छन् । सिंगापुरमा बस्ने साइबर सेक्योरिटी विज्ञ जोस केनेडी भन्छन्- यसले विदेशी प्रविधि सञ्चालनका विषयमा चीनको रणनीति प्रष्ट पार्दछ । उनका अनुसार माइक्रोसफ्टले चीनमा एक स्थानीय सहयोगी २१ भायानेटको माध्यमबाट काम गर्दछ, जसले आफ्नो विश्वव्यापी पूर्वाधारबाट स्वतन्त्र भएर सेवा प्रदान गर्दछ । यस्तो खालको सेटअपका कारण प्रविधिमा देखिएको कुनै विश्वव्यापी गडबडीका बेला पनि चीनको बैंकिङ तथा उड्ययन क्षेत्र सुरक्षित रहन्छ ।

विदेशी प्रणालीमा निर्भरताले आफ्नो राष्ट्रिय सुरक्षामा खतरा पैदा हुने दृष्टिकोण चीनको छ त्यसैले सरकारले यस्ता बहुराष्ट्रिय प्रणालीमाथिको निर्भरतालाई कम गर्ने कुरामा जोड दिन्छ । यो ठीक त्यस्तै खालको कदम हो जसरी कतिपय पश्चिमा देशहरुले सन् २०१९ मा चिनियाँ प्रविधि कम्पनी हुवावेको प्रविधिमाथि प्रतिबन्ध लगाएका थिए । त्यसैगरी सन् २०२३ मा बेलायत सरकारले आफ्ना सरकारी डिभाइसहरुमा चिनिया सोसल मिडिया प्लाटफर्म टिकटकको प्रयोगमाथि प्रतिबन्ध लगाएको थियो ।

त्यसयता अमेरिकाले चीनलाई अत्याधुनिक सेमिकन्डक्टर चिप बिक्री गर्नबाट रोक्न लगातार कोसिस गरिरहेको छ । साथै अमेरिकी कम्पनीहरुलाई चिनियाँ प्रविधिमा लगानी गर्नबाट पनि रोकिएको छ । यी सबै प्रतिबन्धहरु राष्ट्रिय सुरक्षालाई मध्यनजर गरेर लागू गरिएको अमेरिकी सरकारको दाबी छ ।

चिनियाँ सरकारी पत्रिका ग्लोबल टाइम्समा शनिबार प्रकाशित एक सम्पादकीयमा पनि चिनियाँ प्रविधि रोक्ने अमेरिकाका यस्ता कदमका विषयमा उल्लेख गरिएको छ, जसमा लेखिएको छ- कतिपय देशहरू सुरक्षाको कुरा लगातार गरिरहन्छन् । उनीहरुले यो अवधारणालाई सरलीकरण गरिदिएका छन् । तर उनीहरूले वास्तविक सुरक्षालाई नजरअन्दाज गरिरहेका छन् । यो विडम्बना हो ।

**खुल्ला विश्व बजारको पैरवी तर घरेलु बजारमा नियन्त्रण**

अमेरिकाले विश्व प्रविधिहरु कसले प्रयोग गर्न सक्छ र कसरी प्रयोग गर्ने भन्ने कुरा तय गर्ने कोसिस गर्ने गरेको तर्क चीनको छ । तर अमेरिकाकै एउटा कम्पनीले सावधानी नअपनाउँदा शुक्रबार विश्वभर नै त्यतिठूलो समस्या पैदा भयो । ग्लोबल टाइम्सले एकाधिकारवादी प्रवृत्तिका बारेमा लेखेको छ- कतिपय देशहरू नेटवर्क सेक्योरिटीका लागि केवल केही शीर्ष कम्पनीहरुमाथि नै पूर्णरुपमा निर्भर रहने कुराको वकालत गर्दछन् । तर, यसले केवल शासनका लाभहरुलाई समान रुपमा लाभ लिनबाट रोक्नेमात्र होइन कि नयाँ सुरक्षा जोखिमहरू पनि पैदा गर्दछ ।

यहाँ समान रुपबाट लाभ लिने सन्दर्भले सायद बौद्धिक सम्पत्ति अधिकारका विषयमा चलिरहेको बहसतर्फ इंगित गरेको हुनसक्छ । किनकि चीनमाथि प्राय: पश्चिमा प्रविधिको नक्कल गर्ने वा चोरी गर्ने गरेको आरोप लाग्ने गरेको छ । तर, चीनले भने बौद्धिक सम्पत्तिको चोरी तथा नक्कल गरेको आरोप अस्वीकार गर्दछ । प्रविधिमा खुल्ला विश्व बजारको पैरवी चीनले गर्ने गरेको छ । तर, आफ्नो घरेलु बजार भने बाह्य प्रविधि कम्पनीहरुका लागि खुल्ला गर्न चाहँदैन ।

यद्यपि शुक्रबारको विश्वव्यापी प्रविधि अवरोधबाट चीन पूर्णरुपमा अछुतो रहन भने सकेन । त्यहाँका कतिपय कर्मचारीहरुमाथि त्यसको प्रभाव पर्‍यो । जसका कारण उनीहरुको सप्ताहान्त छिटै सुरु भयो । माइक्रोसफ्टमा भएको गडबडीले कार्यालयको काम अवरुद्ध हुँदा शुक्रबार छिटै छुट्टी भएसँगै सोसल मिडियामा Thank You Microsoft ट्रेन्डिङ भैरहेको थियो । कतिपय सोसल मिडियामा आइटी आउटेजका कारण कम्प्युटरको ब्लू स्क्रिनमा error चिह्न देखिएका तस्वीरहरू अपलोड भैरहेका थिए ।

**स्वास्थ्य**

# पुरुषले महिनावारीबारे जान्न किन जरुरी ?



केही दिन अघि महाराष्ट्रको उल्हासनगर बाट एउटा खबर आयो, १२ वर्षकी किशोरी पहिलो पटक महिनावारी भइन् । उनको लुगा महिनावारीको रगतले रंगियो । भाइले रगतको दाग देखे । उनले आफ्नी १२ वर्षकी बहिनी महिनावारी भएको हुनसक्ने अनुमान गरेनन् । यसलाई त उनले यौन सम्बन्धसँग जोडे । परिवारको इज्जत त्यसमा जोडिएको हुनुपर्छ । त्यसपछि त्यही महिनावारी किशोरीमाथि अत्याचारको कारण बन्यो । अत्याचारले बालिकाको ज्यान लियो । जब कोही स्त्रीमाथि हिंसा हुन्छ, त्यसका धेरै कारण हुन्छन् ।

प्रहरीले दाजुलाई पक्राउ गरी मुद्दा दर्ता गरेको छ । तर यो मामिलामा महिनावारीबारे कम जानकारीको चर्चा बारम्बार भइरहेको छ । आजको युगमा केटाहरूलाई महिनावारीको बार मा थाहा नहुनु अचम्मको कुरा लाग्ला तर सत्य यो हो कि धेरै पुरुषलाई महिनावारी बारे थाहा छैन । भलै ती पुरुष विवाहित नै किन नहुन् । थुप्रै पुरुषहरूले महिलाको रगतको एउटै अर्थ बुझ्छन् । उनीहरुका लागि महिलाको शरीरबाट रगत बग्नु भनेको यौन सम्बन्ध मात्र हो । महिनावारी बारे पूर्ण ज्ञान नहुँदा त्यसबाट उत्पन्न हुने समस्याबारे पनि पूर्ण ज्ञान नहुने त जगजाहेर छ ।

**महिनावारी कुनै रोग होइन**

के पुरुषहरूलाई थाहा छ कि महिनावारी एक प्राकृतिक जैविक प्रक्रिया हो ? यो सामान्य हो । यो कुनै रोग होइन । धेरैजसो महिलाको महिनावारी महिनामा एक पटक हुन्छ । एक चक्रको रूपमा चल्छ । यो चक्र औसत २८ दिनको हुन्छ । हुन त महिनावारी २१ देखि ३५ दिनमा जुनसुकै बेला हुनसक्छ । महिनावारी हुँदा गर्भाशय भित्रबाट रगत निस्कन्छ । महिनावारी सुरु हुनु भनेको महिलाको शरीर गर्भावस्थाको लागि तयार हुने प्रक्रिया सुरु गरिरहेको छ भनेर जानकारी दिनु हो । यसले महिलाको शरीरमा हुने हर्मोनल परिवर्तनबारे पनि जानकारी दिन्छ ।

**विभिन्न भ्रमबीच महिला जीवन**

यो प्राकृतिक महिनावारीलाई लिएर हाम्रो समाजमा विभिन्न किसिमका भ्रम पनि व्याप्त छन् । त्यसमा पनि यस्ता धेरै प्रचलन छन्, जसले महिलाको ज्यान जोखिममा पार्छ । धेरै समाज र धर्ममा महिनावारीको समयमा महिलालाई अपवित्र मानिन्छ । त्यसैले उनीहरू पूजापाठबाट टाढा रहनुपर्छ । चाडबाड, व्रत इत्यादि 'पवित्र' भनिने अनुष्ठानका लागि योग्य हुँदैनन् । यस्ता अवसरमा परै बस्नुपर्छ ।

**महिनावारी बारे कुरा गर्नुको अर्थ "प्याड" बारे कुरा गर्नु होइन**

महिलाको जीवनको यो महत्त्वपूर्ण कुरालाई केटाहरूले रहस्य ठान्छन् । तर, टेलिभिजनमा आउने प्रचार र विगतमा महिनावारीबारे बढ्दो चर्चाले सचेतना अवश्य बढेको छ । यो चेतना बजारका कारण बढी भएको हो । यो सचेतना सेनेटरी प्याडको दायरासम्म सीमित छ । अर्थात्, महिनावारीका बेला सर-सफाइको विशेष ध्यान राख्नुपर्छ । जे पायो त्यही प्रयोग गर्नु हुँदैन । प्याड प्रयोग गर्नुपर्छ । तर कुरा यहाँसम्म मात्र सीमित छैन । यो त किशोरी, युवती र महिलाको प्रजनन र यौन स्वास्थ्यसँग सम्बन्धित विषय हो । वर्षौंदेखि हरेक महिना, यसले उनीहरूको जीवनलाई एक विशेष घेरामा बाँध्न खोज्छ ।

**पुरुषले महिनावारी बारे किन थाहा पाउनुपर्छ ?**

पुरुषलाई स्त्रीको प्रजनन र यौन स्वास्थ्यबारे के थाहा छ ? के पुरुषलाई थाहा छ ? एक महिलाको जीवनमा हरेक महिना ६-७ दिन कस्तो हुन्छ ? थाहा छैन भने जान्न जरुरी छ । यो बिना, हामी हाम्रा दिदी- बहिनीको स्वभाव वा मनस्थिति बुझ्न सक्षम हुनेछौं, न त कुनै साथी वा जीवन साथीको । हरेक महिनाको यी केही दिनले यो अनुभूति गराउँछ कि स्त्रीसँग त्यो शक्ति छ, जो हामी पुरुष (चाहे जति नै पुरुषार्थ देखाऔँ) सँग छैन । ती दिनमा उनको शरीरमा एक आन्तरिक प्रक्रिया चल्छ । यो प्रक्रियाले उनलाई अपवित्र बनाउँदैन । त्यसैले हामीले उनीसँग जोखिमयुक्त व्यवहार गर्नु हुँदैन ।

**महिनावारी भनेको शरीर र दिमागमा धेरै परिवर्तन हुनु हो**

यो प्रक्रिया सुरु हुनु अघि, किशोरी वा महिलामा धेरै परिवर्तन आउँछन् । यसलाई महिनावारी अघिको समस्या भन्न सकिन्छ । अंग्रेजीमा यसलाई पिएमएस अर्थात् प्रि-मिन्स्ट्रुअल सिन्ड्रोम भनिन्छ । यसमा मनसँगै तनमा पनि परिवर्तन हुन्छ । चिकित्सा विज्ञान भन्छ कि यी परिवर्तनहरू २०० प्रकारका हुन सक्छन् । यसमा मनको उतारचढाव अथाह छ । किशोरीहरूको मुड तल-माथि भइरहन्छ । चिडचिडेपन बढ्छ । प्रत्येक कुरामा रुन मन लाग्छ । तनाव र चिन्ता हाबी रहन्छ । निद्रा लाग्दैन । टाउको दुख्ने, थकाई लाग्ने हुन्छ । यौन इच्छा घट्ने-बढ्ने हुन्छ ।

तनले पनि पीडा दिन्छ तर मनभन्दा कम । तनको पीडाको औषधी हुन सक्ला तर मनको के ? त्यसलाई त मनकै सहारा चाहिन्छ ।

**त्यसैले ती दिनलाई जान्न जरूरी छ**

यी सबै लक्षण प्रत्येक किशोरी वा महिलामा हुन्छ नै भन्ने छैन । त्यसैले हामी किशोर वा पुरुषले हाम्रो घरका किशोरी वा महिलाको यी दिनहरूबारे जान्न र बुझ्न धेरै महत्वपूर्ण छ । जब पुरुषलाई ती दिनबारे थाहा हुन्छ तब मात्र उनीहरूले त्यस समयमा उनीहरूको व्यवहार र मुडलाई न्याय गर्न सक्षम हुनेछन् । तदनुसार हामीले आफ्नो व्यवहारमा पनि परिवर्तन ल्याउनुपर्छ । यदि पुरुषले ती परिवर्तन महसुस गरेनन् र त्यस अनुसार आफूलाई परिवर्तन गरेनन् भने के होला ? हामीले याद राख्नु पर्छ कि यी परिवर्तनहरू किशोरीको सामान्य दैनिक व्यवहारको परिणाम होइन । यो प्रकृतिको चक्रसँग सम्बन्धित छ ।

प्रत्येक महिना प्रकृतिको यस चक्रबाट हुने परिवर्तनसँग जुध्न हामीले आमा, छोरी, दिदीबहिनी, साथी, जीवनसाथीलाई कसरी र कति हदसम्म मद्दत गर्न सक्छौं भन्ने निर्णय गर्नुपर्छ । यदि हामी पुरुषहरूले यी विशेष दिनहरूमा उनीहरूको मुड र उनीहरूको शब्दलाई बुझ्यौं वा बेवास्ता गरेनौं भने, ढुक्क हुनुहोस्, हामी पुरुषहरू संसारका सर्वश्रेष्ठ मानवहरू मध्ये एक साबित हुनेछौं ।

**त्यसो भए केटाहरूले महिनावारीको समयमा के गर्ने ?**

हामीले यी दिनमा स्त्रीमाथि ध्यान दिऔं । उनीहरूलाई संवेदनशील तरिकाले बुझौं । उनीहरूलाई यससँग बाँच्न र दैनिक जस्तै बाँच्न मद्दत गर्नुहोस् । सायद प्रकृतिले यही काम हामी केटाका लागि निर्धारण गरेको हो । यो कालो पोलिथिनमा बन्द गर्ने कुरा चिज होइन । अपवित्र होइन । डराउनु पर्ने पनि छैन । रोग त झन् हुँदै होइन । हो, कुनै किशोरी वा महिलालाई महिनावारीका कारण कुनै समस्या भएमा, यदि उनी आराम गर्न चाहन्छिन् वा चुलो-चौको वा अन्य घरायसी काम गर्न चाहँदैनन् भने उनलाई आराम गर्न मद्दत गर्नुहोस् । घरको कुनै कुनामा होइन, जहाँ उनको ठाउँ छ, त्यही आराम गर्न दिनुहोस् । उनको खानपिनको ख्याल राख्नुहोस् । यो सबै गर्न हामी केटाले महिलाको हातमा छोडेको घरायसी कामहरू गर्नुपर्छ । विशेष गरी यस समयमा उनीहरूको स्वभावको ख्याल राख्नुहोस् । केहि सहन सक्ने शक्ति पैदा गर्नुहोस् । अन्यथा, कहिलेकाहीं चीजहरू अनजानमा बिग्रन्छन् ।

# साहित्य

कविता

## पैसा



मनस्वी चापागाई
*कक्षा-९, हेटौंडा एकेडेमी*
*हेटौंडा-११, नवलपुर*

नभई हुन्न जीवन चल्न हरेक क्षणमा
सम्बन्ध यसले गाँसेको हुन्छ केहि न बेरमा ।
महत्व यसको बुझेर होला बालक नि लोभिन्छ
हरेक पल दु:खमा झेली बल्ल यो जोगिन्छ ।।

आमाको काख रूखोमा हुन्छ साथमा नभए
बाबाको माया अधुरो हुन्छ कमाउन नगए ।
हितेसी साथी टाँडिन पुग्छ धनको कमीमा
यति छ भन्छन् उति छ भन्छन् मेरो त जमिन ।।

कसले पो जान्यो पैसालाई हेर सम्बन्ध मुटुझै
घरकी जोई रिसाउन थाल्छे नहुँदा पैसा नै ।
छोराले दिन्छ पितालाई दोष सम्पति नभए
छोरीले माइती विर्षन थाल्छे पैसाको कमिभए ।।

आफन्त सबै टाँढिन थाल्छन् नभाको था'पाए
झिँगा नै सरी भन्किन थाल्छन् छ भन्ने चाल पाए ।
नभा'को साईनो लगाउन थाल्छन् धनि छ भने त
गरिब भए चिन्दिनँ भन्छन् आफन्त पनि त ।।

साथीले माग्यो सापटी देउ खाँचो भो मलाई
ऋणझै दिए साथीलाई मैले गर्नको भलाई ।
साथीले गर्यो प्रगति धेरै बिर्सेछ मलाई त
मभए मख्ख प्रगति हेरी बोल्दैन् साथी त ।।

मरेझै भयो, जलेझै गुमाउँदा साथीलाई
साथीको याद झल्किन्छ सधै सपना मलाई ।
घृणा त गर्छु नभई हुन्न पैसाको जात यो
ठुलो भो पिडा पैसाको भन्दा गुमेको साथीको ।।

श्रृजना कसले गरेको होला दुस्मन जसरी
सबैको सोच यसैमा लाग्छ जमाउ कसरी ।
हत्या र हिंसा यसैको लागि डर नि नमानी
अत्यन्त धनी हुँदैन कोही कुकर्म नजानी ।।

हास्यव्यंग्य

## तन्किने कुरा



नगिता राई लेप्चा

तन्किनु । तनक्क तन्किनु ।

तन्किनु बडो मज्जा आउँछ । दिनभरि लखतरान बारीमा खटेर वा अफिसबाट बसमा चढेर आएपछि ! ? ढाड खपिसक्नु दु:खेको बेला घर भित्र पस्ने बित्तिक्कै खाटमा लमतन्न तन्किनुको मज्जा नै अर्कै हुन्छ । तर तन्कनुको अर्थ बेग्ला बेग्लै हुन्छ । हिँडाइको गति छिटो छिटो बढाउनु नै लम्किनु वा लमक लमक गरेर हिँडनु पनि हो । गाउँ घर तिर भने तन्किनु शब्द गालीको रुपमा नै व्यवहार भएको देखिन्छ । यी बूढा के सारो तन्केका हई ! मैले यहाँ विशेष ढाड तन्काउनुकै कुरा गर्न चाहेकी हुँ । तन्किनुको अर्थ 'ढाढ' सोझ्याउनुको अर्थमा प्रयोग भए पनि कसैले बदमास गरेको खण्डमा तिनलाई गाली गर्न वा सतर्क गर्न 'तेरो ढाढ सोझ्याउँछु...पख न' भनी ठूला-बडाको हुङ्कार त हामीले सुनेकै हौं । यो ढाढ सोझ्याउने कुराले मलाई उहिलेको सम्झना हुन्छ र डर लाग्छ ।

तन्काउनुको अर्थ धेरै हुन्छ । जस्तै आङ तन्काउनु भनेको अल्छीलाई डाँडा कट्याउनु हो । एकक्ष आङ तन्काउँछु शब्दले लखतरान थाकेकोबाट थकाइ मार्नु हो । आँखा तन्काउनु चाहिँ ? आँखा तन्काइ तन्काइ के हेर्छस् वा हेरेको ? कान तन्काउनु भन्दा खुट्टा तन्काउनु दु:खको कुरो ।

फेरि कुरा तन्काउनुको मज्जा अर्कै छ । कुनै सभा वा बहसमा कुरा तन्काउनेहरूको कमी हुँदैन । कुरा तन्किएपछि भाँडभैलो मच्चिन सक्छ । धेर कुरा तन्काउने हुँदा बनिसकेको काम पनि बिग्रिन सक्छ । कुरा तन्काउनु राम्रो होइन ।

बिजुलीको तार तन्काउनु, लुगा सुकाउन यो छेउदेखि पल्लो छेउसम्म डोरी तन्काइएन भने लुगा सुक्नुको मज्जा नै के र ? नेताहरू जनसभा लामो बोल्न भाषण तन्काउनुसम्म तन्काउँछन् । उनको भाषण कसैले बुझोस् कि नबुझोस् । के वास्ता ? जति भाषण तन्कायो ती नेता आफूलाई भयङ्कर र महान वक्ता ठान्ने चलन त यतातिर चलेकै छ ।

कुरा तन्काउनु राम्रो होइन, आन्दोलन तन्किनु त झनै नराम्रो । युद्ध तन्किनु भनेको नै संहार डाक्नु हो । तर तन्काउनुको रमाइलो प्रेमिसित कुनै उद्यानमा बसेर गफ तन्काउनुको मज्जा त अर्कै छ । हिजोआज कोही मदिरा तन्काएर सखाप पार्छन् ।

हामी गोर्खाहरू छाती तन्काउँछौं ।

तन्काउन जति सकियो त्यति तन्किन्छ । कुरा तन्किन्छ । गफ तन्किन्छ । झगडा तन्किन्छ । समय तन्किन्छ । हिजोआज नेताहरू सबै थोक तन्काउन पल्केका छन् । यहाँ राजनीति, आपसी मिलन, मित्रता वैर भावले तन्केर झिनो बनाइसकेको छ । नेताहरू आफ्नो काम सिद्धिएपछि तनक तनक तन्केर दुलाभित्र पस्न सिपालु छन् । बस यो तन्किनुको कुराले मेरो लेख तन्किन सकेन र इतिमै बिटा मारैं ।

## गजल

राकेश कार्की

देश लुट्नेहरु लुटीरहेछन् अझै
जनता भुट्नेहरु भुटीरहेछन् अझै

शक्ति-बरदान दिने मतदातालाई नै
उल्टै नंग्याएर चुटीरहेछन् अझै

कहिले ब्यारेक कहिले शिविर भित्र
ज्यानै लिने गरी कुटीरहेछन् अझै

राष्ट्रपति, प्रधानमंत्री बन्ने अहंकारले
कुकुर बिराला झैँ फुटीरहेछन् अझै

दरबार खाली गराउने र जोगाउने फौज
मल्ल युद्ध लड्न जुटीरहेछन् अझै

यत्रो संविधान कोर्ने खुशीयालीमा पनि
दु:खी मनहरु टुटी रहेछन् अझै

जतातत्तै टायर र पुत्ला जलेपनि
शान्तिका दियोहरु छुटीरहेछन् अझै

## चित्रकला



दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# चोट लागेको अर्थतन्त्रलाई मौद्रिक नीतिको मलम



काठमाडौं/पाँच वर्षअघि आफ्नो कार्यकालको पहिलो मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंक गभर्नर महाप्रसाद अधिकारीले कोभिड-१९ बाट अर्थतन्त्रलाई उकास्न अत्यन्तै उदारता देखाए ।

शुक्रबार गभर्नर अधिकारीले सबै क्षेत्रको अपेक्षा सम्बोधन गर्ने गरी ल्याएको आफ्नो कार्यकालको अन्तिम मौद्रिक नीतिले पनि त्यस्तै झल्को दिएको छ । पछिल्लो दुई वर्षयता मुर्झाएको अर्थतन्त्रलाई मौद्रिक नीति मार्फत गभर्नरले आशा जगाउने प्रयास गरेका छन् । सुरुका दुई वर्ष अधिक लचिलो र त्यसपछि एक्कासि कसिलो मौद्रिक नीति ल्याउँदा उनले चौतर्फी आलोचना खेपेका थिए । तर, पछिल्ला दिनमा अर्थतन्त्रका सूचकहरूले समेत साथ दिएपछि गभर्नर अधिकारीलाई अन्तिममा आएर आफ्नै लय समात्न सजिलो भयो ।

मूल्य र वाह्य क्षेत्रसँग सम्बन्धित सूचकहरू सकारात्मक बनेपछि उनलाई भर्खरै गठन भएको आफूअनुकूल सरकारसँग 'ट्युनिङ' मिलाउन मात्रै सजिलो भएको छैन, अन्य आर्थिक 'एक्टर' को विश्वास जित्न पनि सफलता प्राप्त भएको छ । कोभिड-१९ पछिको आर्थिक पुनरुत्थानका लागि उनले ठूलो मात्रामा पैसा छापेर अधिक तरलता प्रवाह गरे, जसका कारण ब्याजदर सस्तो भई कर्जा प्रवाहले आकाश छोएको थियो । त्यसरी बाँडेको पैसा सेयर र घरजग्गामा जाँदा सम्पत्तिको मूल्य अस्वाभाविक वृद्धि भई त्यसले अर्थतन्त्रमा नै नकारात्मक अवस्था सिर्जना गऱ्यो ।

तर, कार्यकालको अन्तिम मौद्रिक नीति ल्याउँदा भने गभर्नर अधिकारीमा धेरै परिपक्वता महसुस गर्न सकिन्छ । शिथिल अर्थतन्त्र चलायमान बनाउनुपर्ने माग चौतर्फी भए पनि उनले सुरुमा जस्तो पुनर्कर्जाको औजार प्रयोग गरेनन् । बरु, सरकारले भुक्तानी नदिँदा समस्या भोगेका निर्माण व्यवसायीको समस्या सम्बोधन गर्न उनले अन्य नियामकीय उपकरण प्रयोग गरे । उनले गत आर्थिक वर्ष २०८०/८१ को अन्तिम त्रैमासमा माइनसमा गएको निर्माण क्षेत्रको पुनरुत्थानका लागि साँवाब्याज भुक्तानीको म्याद मंसिरसम्म सारे पनि अन्य क्षेत्रका व्यवसायीलाई कर्जा तिर्ने समय सार्न तयार भएनन् ।

यसपटक मौद्रिक नीतिलाई अर्थतन्त्रको मनोबल उकास्ने किसिमको बनाउन अर्थमन्त्रीको मात्रै होइन, प्रधानमन्त्री केपी शर्मा ओलीको पनि चासो थियो । गभर्नर अधिकारीले राजनीतिक नेतृत्वको चासोलाई आफ्नो सीमाभित्र रहेर सम्बोधन गरिदिएका छन् । गभर्नर अधिकारीले ल्याएको अन्तिम मौद्रिक नीतिले अर्थतन्त्रको समस्या समाधान गर्ने र शिथिल अर्थतन्त्र चलायमान बनाउन कत्तिको योगदान गर्ला समयले बताउला । तर, उनले नियामकीय नीतिमा समेत पर्याप्त लचकता भने देखाएका छन् ।

लामो समयदेखि सेयर धितो कर्जामा रहेको सीमा हटाउन व्यावसायिक र राजनीतिक तहबाट केन्द्रीय बैंकलाई दबाब थियो । गभर्नर अधिकारीले संस्थागत लगानीकर्ताका लागि त्यस्तो सीमा हटाइदिएका छन् भने व्यक्तिगतका लागि कायम राखेका छन् । यसपटक गभर्नर अधिकारीले नियामकीय नीतिमार्फत अपेक्षा अनुसार नै बैंकिङ क्षेत्रलाई सहजीकरण गरिदिएको बैंकरहरू बताउँछन् । मौद्रिक नीति सार्वजनिक कार्यक्रममा उपस्थित कतिपय बैंकरले अपेक्षाभन्दा पनि माथि गएर मौद्रिक नीति आएको बताए ।

'मौद्रिक नीति लचिलो आएको छ । यसको कार्यान्वयनले आर्थिक गतिविधि चलायमान बनाएर अर्थतन्त्रको शिथिलतामा सुधार हुन्छ,' नेपाल बैंकर्स संघ उपाध्यक्ष समेत रहेका माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले संचारकर्मीसँग भने । मौद्रिक औजारले प्रभावकारी काम गर्न नियामकीय नीतिमा पनि लचकता अपनाएको बताउँदै गभर्नर अधिकारीले मौद्रिक नीतिले मात्रै बृहत् आर्थिक समस्या समाधान नहुने प्रष्ट सन्देश भने दिएका छन् ।

'मौद्रिक सहजीकरण मार्फत अर्थतन्त्रको समष्टिगत माग विस्तारका लागि अधिक प्रयत्न गरिँदा सोही अनुरूप वास्तविक क्षेत्रमा सुधार नहुने हो भने वित्तीय स्थायित्व जोखिममा पर्न सक्ने हुन्छ,' मौद्रिक नीतिमा स्पष्टसँग लेखिएको छ, 'यस्तो अवस्थामा मौद्रिक नीतिमार्फत अल्पकालीन सहजता कायम गर्दै दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्ने चुनौती रहेको छ ।'

उनले मौद्रिक नीतिमार्फत मात्रै कर्जाको माग सुधार हुन नसक्ने स्पष्ट अडान लिएका छन् । 'मौद्रिक, वित्तीय तथा विदेशी विनिमयसँग सम्बन्धित व्यवस्थाहरूमार्फत समष्टिगत आर्थिक र वित्तीय स्थायित्व कायम राख्दै केन्द्रीय बैंकले कर्जा प्रवाहमा सुधार गरी आर्थिक गतिविधि सहज बनाउन प्रयास गर्न सक्दछ,' गभर्नर अधिकारीले भने, 'अधिक तरलता रहेको स्थितिमा कर्जाको माग बढाउन र आर्थिक समस्या समाधान गर्न अन्य नीतिको सक्रियता पनि आवश्यक पर्दछ ।'

मौद्रिक नीतिमार्फत अल्पकालीन सहजता कायम गर्दै दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्ने चुनौती रहेको उनले स्पष्ट पारेका छन् । गभर्नर अधिकारीले अर्थतन्त्रको समग्र मागमा आएको कमीले गर्दा चुनौती देखिएको भन्दै मौद्रिक नीतिसँगै अन्य व्यवस्था समेतको प्रयासले बजार चलायमान बन्न सक्ने बताए ।

बैंकर्स संघ अध्यक्ष सुनिल केसी पनि बैंकिङ क्षेत्रमा रहेका समस्यालाई केन्द्रीय बैंकले स्वीकार गरेको बताउँछन् । बैंकहरूको घटेको प्रोफिटाबिलिटी, सम्पत्तिको गुणस्तरमा परेको दबाब, कर्जा नोक्सानी व्यवस्थाका साथै पूँजीकोषको समस्या स्वीकार गर्दै समस्या समाधानका लागि केन्द्रीय बैंकले कदम चालेको उनले बताए ।

निर्माण क्षेत्रको समस्याले गर्दा अन्य धेरै क्षेत्रमा प्रभाव परेको भन्दै उनले त्यस क्षेत्रलाई मौद्रिक नीतिले विशेष सम्बोधन गरेको बताए । त्यसले बैंकहरूलाई समेत राहत पुग्ने केसी बताउँछन् । 'ब्याजदर घटेको र अधिक तरलता हुँदा पनि कर्जा विस्तार हुने सकेको छैन । एउटा समग्र मागमा नै कमी हुँदा कर्जाको माग छैन,' केसीले भने, 'अर्कातिर, बैंकको पूँजीकोषको समस्याले गर्दा बैंकहरूले कर्जा विस्तार गर्न सक्दैनन् भन्ने कुरालाई पनि स्वीकार गरेको छ ।' कर्जा नोक्सानी व्यवस्था लगायतमा बैंकहरूको अपेक्षा अलि बढी भए पनि त्यस अनुसार नआएको तर राष्ट्र बैंक सकारात्मक रूपमा नै अगाडि बढेको उनले बताए ।

मौद्रिक नीतिपछि सञ्चार कर्मीले गभर्नर अधिकारीलाई १२ प्रतिशत कर्जा विस्तार कसरी हुन्छ भन्ने जिज्ञासा राखेका थिए । 'कर्जा विस्तारका लागि आधार तयार गरेका छौं, अन्य नीतिले पनि सँगै काम गर्दा मात्रै मौद्रिक नीतिले काम गर्न सक्छ,' उनले भने । पूँजीकोष सहजीकरण र कर्जा नोक्सानी व्यवस्थामा गरेको सहजीकरणले बैंकहरूको कर्जा दिने क्षमतामा सुधार हुने गभर्नर अधिकारीको भनाइ छ ।

छोटो समयमा नियामकीय नीतिमा हुने परिमार्जनले आउन सक्ने जोखिमप्रति पनि केन्द्रीय बैंक सजग रहेको उनले बताए । 'नियामकीय नीतिमा भएको परिमार्जनले पार्ने प्रभावलाई सुक्ष्म निगरानीमा राख्छौं,' गभर्नर अधिकारीले भने, 'आवश्यकता अनुसार त्यसलाई परिमार्जन गर्न केन्द्रीय बैंक जतिबेला पनि तयार छ ।' मौद्रिक नीतिले सेयर लगानीकर्ताको मागलाई पनि आंशिक सम्बोधन गरेको छ । संस्थागत धितोपत्र कारोबार गर्नेलाई २० करोडमात्रै ऋण लिन पाउने सीमा मौद्रिक नीतिले हटाएको छ । यसले राज्यको करमा समेत योगदान पुग्ने उनको दाबी छ ।

धितो कर्जामा मार्जिन कर्जा प्रदान गर्ने ब्रोकरलाई राष्ट्र बैंकले स्वीकृति दिएको र बैंकबाट दिने कर्जामा कडाइ गरिएको भए पनि उक्त व्यवस्था प्रभावकारी कार्यन्वयन हुन नसकेको उनले बताए । राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नर बहादुर थापा भने अहिले ठूला ऋणीको नभई साना ऋणीको समस्या भएको भन्दै मौद्रिक नीतिले सम्बोधन गर्न नसकेको टिप्पणी गर्छन् ।

उनले मौद्रिक नीतिमा प्रणाली नै बिगार्ने गरी संरचनामा चलखेल भएको दाबी गरे । यस्तै वित्तीय मध्यस्थकर्ता प्रवर्द्धन मार्फत कर्जा बढाउने विषयमा मौद्रिक नीति चुकेको उनले बताए ।

'चालु पूँजी कर्जा मार्ग दर्शनका कुरामा अलि-अलि सुधारका कुराहरू गरिएको छ । यसले तत्काल राहत त देला, दीर्घकालमा समस्याको समाधान दिँदैन,' उनले भने, 'मौद्रिक नीतिमा परम्परागत रूपमा जे भाष्य थियो । दीर्घकालीन रूपमा नभई अल्पकालीन सोचमा आएको देखियो ।' मौद्रिक नीतिले तत्काललाई उच्च महत्व दिँदा मध्यमकाल र दीर्घकालीन सोच लिन नसकेको उनले बताए ।

### अपेक्षित मौद्रिक लक्ष्य, नियामकीय नीतिमा लचकता

लचिलो नीतिले आयात बढ्ने अपेक्षा गरिए पनि सरकारले वाह्य ऋण परिचालन गर्न लिएको लक्ष्य र रेमिट्यान्स वृद्धिले शोधनान्तर स्थिति चालु आवमा समेत बचतमा नै रहने अपेक्षा रहेको गभर्नर अधिकारीले बताए । मुद्रास्फीतिलाई ५ प्रतिशत हाराहारीमा राख्ने गरी मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने लक्ष्य रहेको उनले बताए । यस्तै ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम राख्ने मौद्रिक नीतिको लक्ष्य छ ।

वाह्य क्षेत्रमा बढेको दबाबपछि २०७९/८० को मौद्रिक नीति र त्यसअघिका मौद्रिक नीति समीक्षा मार्फत केन्द्रीय बैंकले मौद्रिक औजारसँगै नियामकीय औजार पनि कसेको थियो । गत वर्षको मौद्रिक नीतिबाट नै लचिलो बनाउँदै लगिएको मौद्रिक औजारमा सामान्य लचकता अपनाउँदै मौद्रिक नीति सार्वजनिक गरिएको हो ।

आर्थिक वर्ष २०७९/८० मा निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२ प्रतिशतले विस्तार हुने अनुमान गरिए पनि त्यसको एकतिहाइ पनि विस्तार हुन सकेन । गत आव साढे ११ प्रतिशत लक्ष्य लिइएकोमा करिब ६ प्रतिशतमा सीमित भयो । त्यसका आधारमा चालु आवमा लिइएको १२.५ प्रतिशतको लक्ष्य ठूलो देखिए पनि नेपालको विगतको औसत कर्जा विस्तार तथ्यांक हेर्ने हो भने उक्त लक्ष्य ठूलो होइन ।

बजार चलायमान भएर मागमा सुधार हुँदा तरलता र ब्याजदरले समेत सहयोग गरेको अवस्थामा उक्त मौद्रिक लक्ष्य पूरा हुन सक्छ । विस्तृत मुद्राप्रदाय विस्तार १२ प्रतिशतमा यथावत राखेका गभर्नर अधिकारीले अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात यथावत राखेका छन् । अधिक तरलताले ब्याजदर घटेका कारण ब्याजदर अनुसार समायोजन गर्दै बैंक दर ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशतबाट ५ प्रतिशतमा ल्याएका छन् ।

### यस्ता छन् नियामकीय नीतिका व्यवस्था

गभर्नर अधिकारीले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिमार्फत अन्तर्राष्ट्रिय व्यवस्थामा गरिएको परिमार्जन अनुसार 'क्यापिटल एडिक्वेसी फ्रेमवर्क' मा परिमार्जन गर्ने घोषणा गरे । यस्तै आधारदर (बेस रेट) सम्बन्धी व्यवस्थामा अध्यन गर्ने उनले बताए । उनले निमार्ण व्यवसायीको समस्या सम्बोधन गर्न छुट्टै घोषणा गरेका छन् । निमार्ण व्यवसायीको समस्या मध्यनजर गर्दै निर्माण व्यवसायलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, निर्माण व्यवसायलाई कर्जा सूचना सम्बन्धी अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने जस्ता घोषणा उनले गरे ।

'निर्माण व्यवसायका हकमा वासलात बाहिरको बैंकिङ सुविधामा क्रेडिट रेटिङ नचाहिने, जमानत दाबी भई सिर्जना भएको कर्जामा चालु आवका लागि ऋण सिर्जना भएको मितिबाट अन्य कर्जासरह कर्जा नोक्सानी व्यवस्था र कर्जा वर्गीकरण गर्ने जस्तो घोषणा भएका छन् । जेभीमा संलग्न कुनै पनि जेभी पार्टनर कालोसूचीमा परेकोमा अन्य जेभी पार्टनरको बैंकिङ काम कारबाहीमा असर नपर्ने, नेपाल सरकारबाट निर्माण कार्यको म्याद नवीकरण भए बैंक तथा वित्तीय संस्थाबाट प्रदान भएको जमानत समेत नवीकरण हुन सक्ने व्यवस्था मिलाउने घोषणा भएको हो ।

निजी क्षेत्रको माग अनुसार कुनै उद्योग बन्द भए पनि कर्जाको साँवाब्याज भुक्तानी नियमित भए कर्जा वर्गीकरण र जोखिम व्यवस्थामा सहजीकरण गर्ने घोषणा मौद्रिक नीतिले गरेको छ । पूँजीकोष सहजीकरणका लागि असल वर्गमा वर्गीकरण भएको कर्जा नोक्सानी व्यवस्था घटाउने, कर्जा खरिद-बिक्री जोखिम भारमा पुनरावलोकन गर्ने, रेगुलेटरी रिटेल पोर्टफोलियो सीमा बढाउने, रेगुलेटरी रिजर्भबाट पूरक पूँजीकोषमा गणना गर्न दिने जस्ता प्रस्ताव मौद्रिक नीतिले गरेको हो ।

कर्जामा वर्गीकरण सम्बन्धी व्यवस्थामा परिमार्जन गर्दै निष्क्रिय कर्जालाई साँवाब्याज भुक्तानी गरेको अवस्थामा सुक्ष्म निगरानीमा राख्ने व्यवस्था गर्दै प्रोभिजन राइटब्याकमा सहजीकरण गरिने भएको हो । कर्जा सूचना र कालोसूची सम्बन्धी व्यवस्थामा परिमार्जन गर्ने, बजारमा मागमा आएको कमीले चालु पूँजी कर्जाको सीमाले नधान्ने अवस्था सम्बोधन गर्दै चालु पूँजी कर्जा मार्गदर्शनको भेरिएन्स एनालाइसिस सम्बन्धी व्यवस्था कार्यान्वयन एक वर्ष पर सार्ने जस्तो व्यवस्था भएका छन् । चालु पूँजी कर्जा मार्गदर्शनले लघु, घरेलु तथा साना उद्यम व्यवसायको १ करोडसम्मको सीमा बढाउने भएको छ ।

साना तथा मझौला व्यवसाय कर्जाको सूचीमा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटन लगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्र थप गर्ने भएको छ । वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता अध्ययन गर्ने र यस सम्बन्धी मार्गदर्शन तर्जुमा प्राइभेट इक्विटी र भेन्चर क्यापिटलले लगानी गरेको सस्तो कर्जा तिर्न नसकेर कालोसूचीमा परे पनि उनीहरू कालोसूचीमा नपर्ने, बैंकहरूको निष्क्रिय सम्पत्ति र गैर बैंकिङ सम्पत्ति व्यवस्थापन गर्ने एसेट म्यानेजमेन्ट कम्पनी कानुन निमार्ण गर्न मस्यौदा सरकारलाई पेस गर्ने घोषणा मौद्रिक नीतिले गरेको छ ।

त्यस्तै ऊर्जा बन्ड लगायत ऊर्जा सम्बन्धी ऋणपत्रको लगानी बैंकहरूले ऊर्जा क्षेत्रमा गरेको लगानीमा गणना हुने भएको छ । सहकारी नियमन र सुपरीवेक्षणका लागि छुट्टै नियामक स्थापनाको लागि आवश्यक कानुन बनाउन सरकार सँग समन्वय गर्ने, बैंकहरूले साउन मसान्तसम्म उठाएको ब्याजलाई असारकै आम्दानीमा गणना गर्न पाउने जस्ता व्यवस्था मौद्रिक नीतिले गरेको छ ।

### लघुवित्तमा शाखा मर्जरलाई प्रोत्साहन

लघुवित्त संस्थाहरूको मात्रै नभएर तीनका शाखाबीच मर्जर तथा प्राप्तिलाई प्रोत्साहन गर्ने घोषणा मौद्रिक नीतिले गरेको छ । लघुवित्त समस्या समाधान केन्द्रीय बैंकको प्रथमिकता रहेको र लघुवित्त अपरिहार्य रहेको गभर्नर अधिकारीले प्रष्ट पारे । 'लघुवित्त वित्तीय संस्थाको सेवा सम्बन्धमा रहेका गुनासा सम्बोधन गर्दै ग्राहक हित संरक्षण गर्न अन्तर्राष्ट्रिय असल अभ्यास समेतका आधारमा ग्राहक हित संरक्षणलाई प्राथमिकतामा राखी आवश्यक नियामकीय व्यवस्था गरिने छ,' मौद्रिक नीतिमा छ, 'लघुवित्त वित्तीय संस्थाहरूले कर्जामा लिने ब्याजदर तथा सेवा शुल्क सम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने छ ।'

लघुवित्तहरूमा १५ प्रतिशत ब्याजदर क्याप रहेको र त्यसमा पुनर्विचार गर्ने गरी आधार दर वा स्प्रेडमा जानुपर्ने माग लघुवित्तले उठाउँदै आएका थिए । जसमा राष्ट्र बैंक सकारात्मक बनेको छ । परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गर्ने, कुनै निश्चित प्रदेश वा क्षेत्रमा आफ्नो कार्यक्षेत्र सीमित राखी कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गर्न थप व्यवस्था गर्ने जस्तो घोषणा भएका छन् ।

### डलर सटहीमा लचकता

विदेशी विनिमय सञ्चिति पर्याप्त हुँदा राष्ट्र बैंकले ड्राफ्ट र टीटीका लागि डलर सटहीमा मात्रै नभएर विदेश घुम्न जानेलाई समेत सटहीमा थप सजिलो नीति ल्याउने भएको छ । 'ड्राफ्ट/टीटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी ५० हजार कायम गरिने छ,' मौद्रिक नीतिमा छ, 'डकुमेन्ट एगेन्स्ट पेमेन्ट र डकुमेन्ट एगेन्स्ट एसेप्टेन्सका माध्यमबाट आयात गर्ने सीमा ६० हजारबाट वृद्धि गरी १ लाख अमेरिकी डलर पुग्ने छ ।'

यस्तै नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्रा खाताबाट खर्च गर्न सकिने सीमा बढाउने मौद्रिक नीतिमा उल्लेख छ । सुन आयात र बिक्री सम्बन्धी व्यवस्थामा अध्ययन र चाँदी आयात सीमामा पुनरावलोकन हुने भएको हो । सीबीडीसी होलसेलमा मात्रै, भुक्तानी कार्य गर्ने संस्था अनिवार्य पब्लिकमा जानुपर्ने भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था अनिवार्य पब्लिक लिमिटेडमा जानुपर्ने भएको छ । 'भुक्तानी, समाशोधन र फर्स्यौट सम्बन्धी कार्य गर्ने संस्थाहरू पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था गरिने छ,' मौद्रिक नीतिमा छ, 'भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरूबाट गरिने कारोबार थप पारदर्शी बनाई उक्त संस्थाहरूको संस्थागत सुशासन अभिवृद्धि गर्न भुक्तानी सेवा प्रदायक संस्थाहरूले नियुक्त गरेका आधिकारिक प्रतिनिधिको कारोबारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने छ ।'

(स्रोत: अनलाइनखबर)

# 'घरज्वाइँ' निर्माताको दावी : २ हप्तामा ४ करोड ६३ लाख व्यापार

काठमाडौं/चलचित्र विकास बोर्डले डेढ वर्षदेखि स्वदेशी र विदेशी फिल्मको बक्सअफिस तथ्यांक सार्वजनिक गरेको छैन । जसले गर्दा निर्माता र वितरकबाट प्राप्त तथ्यांकलाई नै आधार मान्नुपर्ने अवस्था छ । तर, प्रायःले फिल्मलाई सफल देखाउन वास्तविक आँकडाभन्दा दोब्बर बढाएर समेत सार्वजनिक गरिरहेका छन् । बोर्डले बक्सअफिस रिपोर्ट लुकाएर राख्दासम्म यो प्रवृत्ति कायमै रहने देखिन्छ ।




गत असार २८ गतेदेखि प्रदर्शनमा आएको अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर अभिनीत फिल्म 'घरज्वाइँ'का निर्माताले पनि नियमित रुपमा वितरकबाट प्राप्त तथ्यांक सार्वजनिक गरिरहेका छन् । प्रदर्शनको दुई दिनमा नै १ करोड ५१ लाख कमाएको दावी गरिएको थियो । अब २ हप्तामा ४ करोड ६३ लाख पुगेको जनाइएको छ । र, नेपालबाटै लगानी उठेको निर्माताको दावी छ ।

बोर्डको बक्सअफिसमा पनि 'घरज्वाइँ'को व्यापार ४ करोड ६३ लाख नै देखिएको रहेछ भने फिल्म सफल भएको छ । किनकि, यो फिल्ममा २ करोड हाराहारी लगानी भएको देखिन्छ । बक्सअफिसमा १ करोड कमाउँदा निर्मातालाई ४८ देखि ५० लाखसम्म शेयर आउँछ । यसरी हेर्दा निर्माताले घरेलु बजारबाटै लगानी उठाएको देखिन्छ । अब यसमा कति सत्यता भन्ने मात्र महत्त्वपूर्ण कुरा हो ।

'घरज्वाइँ'ले केही दिन सुखद् व्यापार गरेको थियो । विशेषगरी आदिवासी जनजाति समुदायहरुले फिल्मलाई काँध थापेको देखिन्थ्यो । मगर समुदायको कथामा आधारित भएर फिल्म बनेकाले पनि यो समुदाय आकर्षित हुनु स्वभाविक हो । दयाहाङका यसअघिका फिल्म पनि यिनै समुदायहरुले सफल बनाएका थिए । 'घरज्वाइँ'मा अनिल बुढा मगरले निर्देशन र जनक घर्ती मगरको निर्माण छ ।

# 'लाइफ ड्यामेज'को मुहूर्त, मुख्य भूमिकामा सुरक्षा र निमेष

काठमाडौं/कन्टेन्ट क्रियटरको रूपमा परिचित निमेष श्रेष्ठको डेब्यु निर्देशनमा फिल्म 'लाइफ ड्यामेज' बन्ने भएको छ । शुक्रवार काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा क्यामेरा, स्क्रिप्ट तथा क्ल्याप बोर्ड पूजा गर्दै फिल्मको मुहूर्त गरियो । 'फेन्टासी कमेडी ड्रामा' विधामा बन्न लागेको फिल्ममा निर्देशक श्रेष्ठ स्वयं मुख्य भूमिकामा देखिँदैछन् भने उनको जोडी भएर अभिनेत्री सुरक्षा पन्त प्रस्तुत हुँदैछिन् ।



फन रिभोलुसन इन्टरटेनमेन्टको ब्यानरमा बन्ने फिल्ममा सुरक्षा र निमेषसँगै ईशा थापा, सञ्जना महर्जन, अमोघ अर्याल, अनिस जङ्ग थापा, अजय पन्त, निरू खड्का लगायतको पनि अभिनय रहनेछ । फिल्मबारे निर्देशक श्रेष्ठ भन्छन्, 'अर्काको जुत्तामा उभिँदा वा अरूको जीवन बाँच्दा हुने अनुभव कस्तो हुन्छ भनेर यसमा देखाउँदै छौं ।' फिल्ममा निमेष श्रेष्ठ र ईशा थापाको संयुक्त लेखन छ ।

यसमा प्रवीण खड्काको डिओपी, निमा श्रेष्ठको सम्पादन, अभिषेक खरेलको प्रोडक्सन डिजाइन, आयुष महर्जनको कला निर्देशन, वर्षा श्रेष्ठको मेकअप, जेनिश शाक्यको प्रोडक्सन व्यवस्थापन, दीपेश चौधरीको कलर ग्रेडिङ, उत्साह श्रेष्ठको कस्ट्युम डिजाइन एवं आशिष सापकोटाको ग्राफिक्स तथा फाइनान्स रहनेछ । सुरक्षा फिल्ममा आफ्नो चरित्रलाई लिएर निकै उत्साहित देखिएकी छन् ।

# म रोल कति लामो छ हेर्दिनँ, ५ मिनेटको रोलले पनि फिल्म खाइदिन्छ : प्रियंका

काठमाडौं/विवाहअघि अभिनेत्री प्रियंका कार्कीको व्यस्तता फिल्ममा बढी थियो । त्यसपछि भने उनले विरलै फिल्म गरेकी छन् । बरु म्यूजिक भिडियो र रियालिटी शोमा व्यस्तता देखिन्छ । चाँडै फिल्म 'माइली'मा काम गर्ने तयारीमा रहेकी उनले करिअरको सुरुवातदेखि नै हिरोइन मात्र भएर देखिने अडान लिएको देखिँदैन । फिल्ममा कहिले आमा त कहिले बुहारीको भूमिका निभाउँदै आइरहेकी छन् ।




कलालाई 'यो खेल्छु र यो खेल्दिनँ' भनेर आफूले कहिल्यै नहेर्ने उनको भनाई छ । बिहीबार 'माछी' बोलको गीत रिलिज कार्यक्रममा प्रियंकाले भनिन्, 'मैले पहिलादेखि सीमित फिल्म वा गीत मात्र गर्छु भन्ने सोचेको भए म तेस्रो फिल्ममै आमाको भूमिका गर्दिनँ थिएँ होला । 'नाइँ नभन्नू ल २' मेरो करिअरको तेस्रो फिल्म थियो । यसैले म कलालाई यो खेल्छु र यो खेल्दिनँ भनेर हेर्ने मान्छे नै होइन ।'

फिल्ममा रोल कति लामो छ भनेर पनि आफूले नहेर्ने उनको जिकिर छ । उनलाई के विश्वास छ भने ५ मिनेटको रोलले पनि फिल्म खाइदिन सक्छ । 'फिल्ममा मेरो रोल कति लामो छ भनेर हेर्दिनँ । पहिल्यैदेखि मैले त्यो कहिल्यै हेरिनँ । आफूले आफ्नो क्यारेक्टर र अभिनय राम्रोसँग गऱ्यो भने ५ मिनेट वा १० मिनेटको रोलले पनि फिल्म खाइदिन सक्छ भन्नेमा म विश्वास गर्छु,' प्रियंका सुनिइन् ।

उनलाई विवाहपछि काम पाउन गाह्रो हुन्छ भन्ने पनि लाग्दैन । केलाई प्राथमिकता दिने भन्ने कुरा महत्वपूर्ण ठान्छिन् उनी । 'कतिले विवाहपछि घरव्यवहार मात्रै सम्हाल्छु भन्ने पनि सोच्नुहुन्छ । त्यो पनि आफैंमा एउटा उदाहरण हो । घर सम्हाल्नु सजिलो छैन । तर, विवाह र सन्तानपछि पनि कामलाई प्राथमिकता दिन्छु भनेर अगाडि बढ्दा त्यस्तो समस्या आउँछ भन्ने लाग्दैन,' उनको अनुभव छ ।

प्रियंका यसपालिको साउनमा नियमित व्रत समेत बसिरहेकी छन् । केही घटनाले उनलाई हनुमानप्रति विश्वास र आस्था बढेको छ । यसैले साउनभरि नै उनी सोमबार र मंगलबार व्रत बस्दैछिन् । उनी भन्छिन्, 'म 'विलिभ इनर्जी'मा विश्वास गर्छु । कुनै कुराले मलाई तानिरहेको छ भने प्रयास गरुँ भन्ने भइहाल्छ । यो महिना यस्तै परिरहेको छ ।' यतिबेला उनी 'रोडिज'को छायांकनमा व्यस्त छिन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# विद्युतीय प्रणालीबाट वनपैदावार बिक्रीको व्यवस्था मिलाउँदै मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ बागमती प्रदेश सरकारले विद्युतीय प्रणालीबाट वनपैदावार बिक्रीको तयारी गरेको छ । प्रदेशको वन तथा वातावरण मन्त्रालयले वनपैदावार (काठ दाउरा) को बिक्री विद्युतीय प्रणालीबाट गर्नेगरी प्रक्रिया अघि बढाएको हो ।




प्रदेशका नवनियुक्त वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले पदबहाली गर्दै वनपैदावार (काठ दाउरा लगायत) बिक्रीका लागि विद्युतीय माध्यमको प्रयोग गर्ने निर्णय गरेसँगै मन्त्रालयले सोको प्रक्रिया थलेको हो । मन्त्रालयले वनपैदावार प्रणाली बिक्री पूर्ण प्रतिस्पधमूलक र राजस्व संकलनलाई पारदर्शी बनाउने उद्देश्य अनुसार विद्युतीय माध्यमको प्रयोग गर्ने कार्यको थालनी गरेका हो ।

मन्त्री सिलवालको यो निर्णय कार्यान्वयनका लागि कानुनी व्यवस्थाहरुको अध्ययन तथा पर ामर्शमा मन्त्रालय जुटेको मन्त्रालयका सचिव धीरेन्द्र प्रधानले जानकारी दिए । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ तथा सार्वजनिक खरि द नियमावली, २०६४ को नियम १४६ मा सार्वजनिक खरिदमा विद्युतीय सञ्चारमाध्यमको प्रयोगबाट खरिद कारोबार हुनसक्ने कानुनी प्रावधान रहेकाले सोही आधारमा अघि बढ्ने उनको भनाइ छ ।

हालसम्म सार्वजनिक खरिद ऐनले खरिद गर्ने मात्र व्यवस्था गरेको सार्वजनिक बिक्री प्रणालीमा समेत विद्युतीय माध्यमको प्रयोगका लागि आवश्यक नीतिगत सुधार गर्न खोजिएको उनको भनाई छ । यो निर्णयबाट लिलाम प्रक्रिया पारदर्शी र विश्वसनीय हुने र राजस्व चुहावट नियन्त्रण भई राज्यकोषवृद्धिमा सहयोग पुग्ने सचिव प्रधानले बनाए । उनका अनुसार यो कार्यबाट प्रचलित वनसम्बन्धी कानुनमा आवश्यक संशोधनको प्रक्रिया अघि बढ्नेछ ।

'वनक्षेत्रबाट उत्पादन भई व्यापारिक एवम् व्यावसायिक प्रयोजनको लागि लिलाम बिक्री गर्दा विद्युतीय सञ्चार माध्यमको प्रयोग गर्दा लिलाम प्रक्रिया पूर्ण प्रतिस्पर्धी हुनेछ । बिचौलियाहरुको संलग्नतामा कमी हुनुको साथै राजस्व संकलनमा सुधार आउनेछ,' उनले भने, 'वनपैदावारको लिलाम प्रक्रियामा नागरिकलाई स्पष्ट र विश्वसनीय बनाउन सकिने देखिन्छ ।'

यो कार्यका लागि मन्त्रालयले चालु आर्थिक वर्षको बजेटमा रकमको व्यवस्था गरेको मन्त्रालयले जनाएको छ । हाल वनक्षेत्रबाट उत्पादन हुने काठ दाउरा लगायतका वनपैदावार सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गरिदै आएको थियो । वन नियमावली २०७९ को नियम २५ को उपनियम (१) मा व्यापारिक एवम् व्यावसायिक प्रयोजनका लागि काठ दाउरा लिलाम गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने र वन नियमावली, २०७९ को नियम २५ को उपनियम ((क) लिलामको सूचना तत्काल सम्बन्धित कार्यालय, प्रदेश मन्त्रालय र निर्देशनालयको वेबसाइटमा राख्नु पर्ने व्यवस्था अनुसार कार्यसम्पादन हुँदै आएको छ ।

# थाहामा औषधिउपचार खर्च पाउन गरिब परिचयपत्र चाहिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ नेपाल सरकारले विभिन्न जटिल प्रकृतिका रोगको उपचारको लागि उपलब्ध गराउने मासिक खर्च अब गरिब परिचयपत्र पाएकाहरुलाई मात्र दिइने भएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको गरिब परिचयपत्र पाएकाहरु भन्दा बाहेकलाई यो सुविधा नदिने कार्यविधिमा उल्लेख छ । संघीय सरकारले मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधिउपचारवापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक ५ हजारका दरले उपचार खर्च उपलब्ध गराउँदै आएको छ ।

सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचयपत्र पाएकाहरुलाई मात्र सुविधा दिन सकिने व्यवस्था गरेको भन्दै थाहा नगरपालिकाले सार्वजनिक सूचना गरेको छ । 'थाहा नगरपालिकामा गरिब परिचयपत्र वितरण भैसकेको छ अब सोही बमोजिम कार्यविधिलाई टेकेर उपचार खर्च वितरण हुन्छ'- स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले भने । थाहा नगरपालिकामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ८ सय २३ परिवारलाई गरिबको सूचीमा राखी गरिब परि चयपत्र पठाएको छ ।

# राक्सिराङका २३ विद्यार्थी सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) र एकीकृत अखिल नेपाल शिक्षक संगठन राक्सिराङ गाउँ कमिटीको संयुक्त आयोजनामा राक्सिराङ गाउँ पालिकामा रहेका विभिन्न विद्यालयबाट-२०८० मा एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान गरिएको छ ।

राक्सिराङका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सहभागी भइ उत्कृष्ट नतिजा ल्याउने २३ जना विद्यार्थीलाई सम्मानित गरिएको हो । सम्मान कार्यक्रमका प्रमुखअतिथि नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले समाज परिवर्तन र विकासको लागि शिक्षा महत्वपूर्ण भएको बताइन् ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन राक्सिराङ गाउँ कमिटी अध्यक्ष अशोक थिङको अध्यक्षतामा भएको कार्यक्रममा नेकपामा (माओवादी केन्द्र) मकवानपुर जिल्ला संयोजक भीम पाखिन, सचिव वीरबहादुर घलान 'ज्वाला', जिल्ला समन्वय समिति मकवुनपुरका प्रमुख एबम् अखिल क्रान्तिकारी फ्याक्सन इन्चार्ज ललित घलान, नेकपा माओवादी केन्द्र राक्सिराङ गाउँपालिका ईन्चार्ज शुभरत्न गोले, राक्सिराङ गाउँकमिटी अध्यक्ष हस्तबहादुर मोक्तान, अनेरास्ववियु (क्रान्तिाकरी) केन्द्रीय सदस्य राजेन्द्र कुमार मोक्तान, मकवानपुर जिल्ला अध्यक्ष बुद्धराज अर्याल, एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुर सचिवालय सदस्य सन्देश तुम्सिङमगर लगायतको आतिथ्यता रहेको थियो । अखिल क्रान्तिकारी राक्सिराङका ईन्चार्ज सुजन सिलवाल क्षेत्रीले सञ्चालन गरेको कार्यक्रममा अखिल (क्रान्तिकारी) राक्सिराङका अध्यक्ष राजन स्याङतानले स्वागत मन्तव्य राखेका थिए ।

# हेटौंडा-७ मा जेष्ठनागरिक भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ जेष्ठनागरिकमैत्री नगर निर्माणको लक्ष्यअनुसार हेटौंडा उपमहानगर पालिका-७ मा जेष्ठनागरिक मिलनकेन्द्रको भवन उद्घाटन गरिएको छ ।

स्थानीय बलबहादुर तामाङले दान गरेको १ कठ्ठा जमिनमा निर्माण भएको सुबिधायुक्त भवनको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा तथा उपप्रमुख राजेश बानियाँले उद्घाटन गरेका हुन् । उपमहानगरपालिका, वडा कार्यालयको सहयोगमा हल सहित दुई कोठा निर्माण गरिएको छ । भवनको उद्घाटन गर्दै हेटौंडा उपमहानगरप्रमुख लामाले पुस्ता हस्तान्तरणमा जेष्ठ नागरिकको भूमिका महत्वपूर्ण हुने बताइन् ।

पछिल्ला पुस्तालाई ज्ञान दिँदै समाजलाई अघि बढाउँने काममा लाग्न आग्रह गरिन् । बालमैत्री नगर निर्माणको क्रममा रहेको हेटौंडालाई जेष्ठनागरिकमैत्री बनाउँने अभियानमा रहेको बताइन् । उनले नगरको विकासको कामलाई अघि बढाउने र नगरलाई सुन्दर बनाउने काममा व्यवस्थित ढंगबाट अघि बढिरहेको बताइन् । पछिल्लो समय नगरको भौतिक विकास भन्दा पनि शिक्षा, स्वास्थ्य र नगरलाई सुन्दर बनाउँनका लागि लाईटिङ र बृक्षरोपणको कामलाई अघि बढाइएको बताइन् ।

उनले नगरका १९ वटै वडामा गठित जेष्ठनागरिक केन्द्रलाई सक्रिय बानाउन उपमहानगर लाग्ने बताइन् । कार्यक्रममा नगरका उपप्रमुख बानियाँले विकासको काममा थोरै जमिन जाँदा समस्या हुने समयमा जेष्ठ नागरिक भवनका लागि जमिन दान गर्नेप्रति आभार व्यक्त गरे । नगरको समानुपातिक विकास क्रमलाई अघि बढाउँन अहिलेको नेतृत्व लागिरहेको बताए ।

**जमिन दान गर्ने तामाङ सम्मानित**

जेष्ठनागरिक भवन निर्माणका लागि १ कठ्ठा दान गर्ने स्थानीय बलबहादुर तामाङलाई सम्मान गरिएको छ । अहिलेको समयमा पनि समाजिक कामका लागि जमिन दान गरेका तामाङलाई हेटौंडा उपमहानगरप्रमुख लामा तथा उपप्रमुख बानियाँले दोसल्ला ओडाएर सम्मान गरेका हुन् । दाता तामाङको सम्मान सहित उनको फोटो नागरि क भवनमा राखिने भएको छ ।

जेष्ठनागरिक मञ्च वडा समन्वय समितिका अध्यक्ष कोषबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-७ का अध्यक्ष दामोदर गौतम, हेटौंडा उपमहानगर पालिका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, उपमहानगरपालिका महिला तथा बालबालिका महशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, शाखाप्रमुख मन्दिरा थापा, ७ नम्बर वडाका पूर्वअध्यक्ष राजन थापा, जेष्ठनागरिक मञ्च मकवानपुरका अध्यक्ष हरिप्रसाद सिग्देल, मञ्चका प्रदेशका सदस्य बुद्धिप्रसाद पौडेल र नगरअध्यक्ष रामचन्द्र ढकाल लगायतको आतिथ्यता रहेको थियो ।

# दुर्गादिवी विद्यालयलाई शैक्षिक सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ११ साउन/ थाहा नगरपालिका-५ को दुर्गादेवी आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ । विपन्न तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई विद्यालयमा भर्ना गराई सामग्रीहरु सहयोग गरिएको प्रधानाध्यापक हीराचन थापामगरले जानकारी दिए ।

विद्यालयमा ९ साउनमा एक कार्यक्रमको आयोजना गरी विद्यालयका १६ जना नयाँ विद्यार्थीलाई स्कूल ब्याग ट्याकसुट र कपी वितरण गरिएको प्रधानाध्यापक थापामगरले जानकारी दिए । उनका अनुसार विद्यालयमा अध्ययनरत अन्य २६ जना विद्यार्थीलाई जनही १५ वटाको दरले कपी वितरण गरिएको छ ।

गरिब तथा विपन्न विद्यार्थीलाई कपी वितरण गरिएको उनको भनाइ छ । थाहा नगर पालिकाको अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रमअन्तर्गत विद्यार्थीलाई सहयोग गरिएको जनाइएको छ ।

**हार्दिक समवेदना**



जन्म: १९९२ असोज ६

स्वर्गारोहण: २०८१ असार ३१

स्व. कपूर चन्द ठकुरी

मेरा आत्मीय दाजुहरु श्री दीपेन्द्र चन्द ठकुरी, श्री रविन्द्र चन्द ठकुरी र श्री सुरेन्द्र चन्द ठकुरीका पूजनीय पिता **कपूर चन्द ठकुरी**ज्यूको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सविन न्यौपाने (वडा अध्यक्ष/प्रवक्ता)
**हेटौंडा उपमहानगरपालिका**
१ नम्बर वडा समिति

*"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"*

**हार्दिक समवेदना**



जन्म: १९९२ असोज ६

स्वर्गारोहण: २०८१ असार ३१

स्व. कपूर चन्द ठकुरी

मेरा आत्मीय मित्रहरु श्री दीपेन्द्र चन्द ठकुरी, श्री रविन्द्र चन्द ठकुरी र श्री सुरेन्द्र चन्द ठकुरीका पूजनीय पिता **कपूर चन्द ठकुरी**ज्यूको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रो. रमेशकुमार गहतराज
**ॐ श्री साईराम ज्वेलर्स**
हेटौंडा-१, राप्तीरोड

**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा | हेटौंडा-वीरगञ्ज-हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhabahini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना